**Tribhuvan Journal** Vol. 3 No. 1: 145-154, October 2024; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal.
**DOI: https://doi.org/10.3126/tribj.v3i1.70820**

# गुरुप्रसाद मैनालीको 'अभागी' कथामा करुण रस

***डा. शालिकराम पौड्याल***
*paudyalshalikram@gmail.com*
***उपप्राध्यापक, नेपाली***
***त्रि.वि., बुटवल बहुमुखी क्याम्पस, बुटवल रुपन्देही***

***Article History:*** *Received 28 March 2024; Reviewed 15 June 2024; Revised 15 August 2024; Accepted 20 September 2024.*

**लेखसार**

*प्रस्तुत लेखमा प्रथम आधुनिक नेपाली कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'अभागी' कथालाई रससिद्धान्तका आधारमा विश्लेषण गरी रस निष्पत्तिको अवस्था निरूपण गरिएको छ । प्रस्तुत लेखमा पुस्तकालयीय कार्यबाट प्राथमिक तथा द्वितीयक स्रोतका सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई स्थापित करुण रसको सिद्धान्तका आधारमा विश्लेषण गरी निष्कर्षसम्म पुगिएको छ । प्रस्तुत लेखमा 'अभागी' कथामा विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावको संयोजन कसरी गरिएको छ भन्ने विषयलाई खण्ड खण्डमा देखाएर पुष्टि गरिएको छ । प्रस्तुत लेखमा कथामा आएका माधवप्रसाद, गङ्गा, कृष्ण, करुणा, केशव, खत्रिनी बुढी आदि आलम्बन विभाव, कथामा चित्रित कालमोचन, पशुपति, मृगस्थली, कैलाश, कालीमाटी, थानकोट, चित्लाङ, भीमफेदी आदि उद्दीपन विभाव, तथा कायिक, वाचिक, सात्त्विक र आहार्य अनुभाव र चिन्ता, दैन्य, आश्चर्य, विस्मय, स्मृति, ग्लानि, विषाद आदि व्यभिचारीभावले शोक भावलाई जागृत गराई करुण रसमा अभिव्यक्त गराएका छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** विभाव, अनुभाव, व्यभिचारीभाव, स्थायीभाव, शोक ।

## विषयपरिचय

नेपाली साहित्यको कथा विधामा आधुनिकतालाई प्रवेश गराउने चर्चित प्रतिभा गुरुप्रसाद मैनाली (वि.सं. १९५७-२०२८) हुन् । कथाकार मैनालीले १९९२ सालमा 'नासो' कथा प्रकाशन गरेर नेपाली साहित्यमा आधुनिकतालाई प्रवेश गराएका हुन् । नासो कथासङ्ग्रह (२०२०) का कथामा नेपाली समाजको जीवन्त अवस्थाको चित्रण पाइन्छ । कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'अभागी' कथामा नेपाली समाजमा प्रचलित सौतेनी व्यवहारका कारण बालकले भोग्नुपर्ने पीडादायी अवस्थालाई विषयका रूपमा चयन गरिएको छ । परिवारको उदासीन व्यवहारका कारण बालबालिका दैनिक कुलतमा फस्दै जाने र उनीहरूको जीवन नै बर्बाद हुने सामाजिक तथा बालमनोवैज्ञानिक विषयको उठान कथामा गरिएको छ । प्रस्तुत लेखमा मैनालीद्वारा लिखित यही 'अभागी' कथालाई पूर्वीय रससिद्धान्तका आधारमा विश्लेषण गरेर रस निष्पत्तिको अवस्था निरूपण गर्ने कार्य गरिएको छ । करुण रसका सामग्री विभाव, अनुभाव, व्यभिचारीभाव तथा स्थायीभावका आधारमा 'अभागी' कथा केकस्तो रहेको छ ? भन्ने मूल समस्यामा यो लेख केन्द्रित छ । यस लेखको मुख्य उद्देश्य रससामग्रीका आधारमा करुण रसको अवस्थाको विश्लेषण गर्नु रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्रस्तुत लेखमा गुरुप्रसाद मैनालीको 'अभागी' कथा प्राथमिक स्रोतका रूपमा रहेको छ भने यसका बारेमा गरिएका टीकाटिप्पणी द्वितीयक स्रोतका रूपमा रहेका छन् । दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । कथाको विश्लेषणका लागि आवश्यक सिद्धान्त निर्माणमा उपयोग गरिएका सामग्री पनि द्वितीयक स्रोतकै रहेका छन् । सिद्धान्त निर्माणमा उपयोग गरिएका आचार्यहरूका लक्षण ग्रन्थ द्वितीयक स्रोतकै रूपमा रहेका छन् । लक्षणग्रन्थका बारेमा गरिएका व्याख्या तथा टीकालाई पनि द्वितीयक सामग्री नै मानिएको छ । तिनै लक्षण ग्रन्थका आधारमा करुण रसको कथा विश्लेषण गर्ने ढाँचा निर्माण गरी सोद्देश्यमूलक नमुना छनोटका आधारमा गुरुप्रसाद मैनालीको 'अभागी' कथाको छनोट गरी विश्लेषण गरिएको छ । करुण रसको स्थापित सिद्धान्तका आधारमा 'अभागी' कथाको विश्लेषण गरी रसाभिव्यक्तिको अवस्था निरूपण गरिएको प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ ।

## करुण रसको सैद्धान्तिक पर्याधार

रस संस्कृत काव्यशास्त्र परम्परामा भावका आधारमा कृतिको विश्लेषण गर्ने सिद्धान्त हो । रसका आधारमा कृतिको विश्लेषण गर्दा विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभाव संयोजनको अवस्था पहिचान गरिन्छ । शोक स्थायीभाव रसका रूपमा अभिव्यक्त हुँदा करुण रस बन्छ । इष्टको अप्राप्ति र अनिष्टको प्राप्तिबाट मानिसको मनमा शोक, पीडा, विरह, वेदना, दुःख जस्ता भाव प्रकट हुन्छन् । प्रिय व्यक्तिको मृत्यु, अमङ्गलकारी समाचार सुन्दा मानसिकतामा आघात पुऱ्याउने भावद्वारा करुण रस उत्पन्न हुन्छ (शुक्ल, २०५७, पृ.३२६) । इष्ट नाश र अनिष्ट प्राप्तिबाट शोक स्थायीभाव परिपाक अवस्थामा पुगेपछि करुण रस पैदा हुन्छ । करुण रसमा इष्टको नाश विभाव, लामो निःश्वास आदि अनुभाव, स्तम्भ, अश्रु आदि सात्विक भाव, निर्वेद, दैन्य, चिन्ता आदि व्यभिचारीभावले शोक स्थायीभाव परिपुष्टि गर्छन् (तिवारी, २०७७, पृ.५१) । करुण रस श्राप, क्लेश, पतन, प्रियजनको वियोग, सम्पत्ति हानि, मृत्यु, बन्धन, दुर्भाग्यवश चोट लाग्नु तथा यस्तै प्रकारका अरू कष्टजनक विभावका कारणबाट उत्पन्न हुन्छ । करुण रसमा अश्रुपात, प्रलाप, मुख सुक्नु, विवर्ण हुनु, शिथिलता आदि अनुभाव तथा निर्वेद, ग्लानि, चिन्ता, औत्सुक्य, आवेग, भ्रम, मोह, श्रम, भय, विषाद, दैन्य, व्याधि, जडता, उन्माद, अपस्मार, त्रास, आलस्य, मरण, स्तम्भ, वेपथु, वैवर्ण्य, अश्रु, स्वरभेद जस्ता व्यभिचारीभाव प्रकट हुन्छन् । यिनै विभिन्न भावबाट परिपुष्ट बनेको शोक स्थायीभाव नै करुण रसका रूपमा अभिव्यक्त हुन्छ । विशेष गरी व्यक्तिको मृत्यु तथा अमङ्गलकारी समाचार सुनेर चित्तमा आघात पर्दा करुण रस उत्पन्न हुन्छ । पुत्र कलत्र आदि प्रियजनसितको वियोग तिनको विपत्ति मरण वा विनाश देखेर मनमा उत्पन्न हुने विकलताबाट करुण रस उत्पन्न हुन्छ (उपाध्याय, २०५५, पृ.५९) । मानिस सुखका सबै उपाय वञ्चित रहँदा आकुलव्याकुल बन्छन् । यही आकुलव्याकुल भाव नै साहित्यमा करुण रसका नामबाट सम्बोधित हुने गर्छ । करुण रससँग सम्बन्धित विभाव, अनुभाव तथा व्यभिचारीभावको परिचय यहाँ प्रस्तुत गरिएको छ ।

विभावले भाव जागृत गराउने तत्त्वलाई बुझाउँछ । आचार्य भरतले विभावलाई कारण, निमित्त तथा हेतुको पर्यायका रूपमा चिनाएका छन् (भरत, २०५७, पृ.३७३) । प्रत्येक सहृदयको मनमा वासना संस्कारका रूपमा अवस्थित भावलाई जगाउने पात्र तथा परिवेश नै विभाव बनेर आएका हुन्छन् । विभाव आलम्बन र उद्दीपन गरी दुई प्रकारका हुन्छन् । जसलाई आधार बनाएर भाव जागृत हुन्छन् त्यो नै आलम्बन विभाव हो ।

विश्वनाथले पनि नायकनायिकाको आलम्बनमा रसको उत्पत्ति हुने भएकाले यिनलाई आलम्बन विभाव मानेका छन् (विश्वनाथ, सन् २००८, पृ. १५२) । भावहरू उत्पन्न हुने आधारलाई नै आलम्बन विभाव भनिन्छ । भावहरू उत्पन्न हुने आधार आलम्बन हो (अधिकारी, २०५०, पृ.२९) । काव्यनाट्यमा चित्रण गरिएका पात्र नै आलम्बन विभाव हुन् । जसका कारणबाट भाव जागृत हुन्छ त्यसलाई विषयालम्बन भनिन्छ । जसमा भाव जागृत हुन्छ त्यसलाई आश्रयालम्बन भनिन्छ । यस्तै आलम्बन वा पात्रका चरित्रलाई परिपुष्टि गर्ने भाव नै उद्दीपन विभाव हुन् । विशेष गरी भाव प्रकट गर्नका लागि आवश्यक पर्ने उपयुक्त वातावरणलाई नै उद्दीपन विभाव भनिन्छ । आधुनिक समीक्षाशास्त्रअनुसार परिवेशका रूपमा चित्रण गरिएका तत्त्वलाई नै उद्दीपन विभाव भनिन्छ । बाह्य परिस्थिति, उद्यान, प्राकृतिक सौन्दर्य आदिलाई उद्दीपन विभाव भनिन्छ (मम्मट, सन् २०१३, पृ.७७) । भावलाई अझ बढी प्रभावकारी बनाउनका लागि आएका बाहिरी सन्दर्भ नै उद्दीपन विभाव हुन् । आनन्दवर्धनले पनि बाहिरी परिस्थिति, बगैँचा तथा प्राकृतिक सौन्दर्यलाई उद्दीपन विभाव मानेका छन् (आनन्दवर्धन, सन् २०१३, पृ.७७) । व्यक्ति मानसिकतामा सुषुप्त अवस्थामा रहेका स्थायीभावलाई परिपुष्ट बनाउनका लागि आउने बाहिरी कारण नै उद्दीपन विभाव हुन् ।

विभावका कारण रति, हास, शोक आदि भाव प्रकट भएपछि देखिने क्रियाकलाप नै अनुभाव हुन् । विभावका कारण जागृत स्थायीभावका कार्य स्वरूप नै अनुभाव हुन् । उत्पन्न भावलाई व्यक्त गर्ने चेष्टाहरूलाई अनुभाव भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ४५) । कुनै पात्रमा स्थायीभावको प्रकटीकरण भएको विषयको जानकारी अनुभावबाट प्राप्त हुन्छ । विभावपछि उत्पन्न हुने अनुभावले वाणी, अङ्ग र सात्विक भावका सहायताबाट भावलाई अनुभूतियोग्य बनाउँछ (भरत, २०५७, पृ.३७४) । अनुभाव बोलीका माध्यमबाट, अङ्ग सञ्चालनका माध्यमबाट तथा सात्विक भावका माध्यमबाट अभिव्यक्त हुन्छ । दृष्टि, सङ्केत आदि उपयुक्त लक्षणद्वारा भाव प्रकट गर्नुलाई नै अनुभाव भनिन्छ (आप्टे, सन् १९६९, पृ.४०) । मानसिक भावबाट जन्मिएका बाहिरी क्रियाकलाप नै काव्यसाहित्यमा अनुभावका नामबाट चिनिन्छन् । अनुभाव मूलतः कायिक, वाचिक, सात्विक तथा आहार्य भेदका माध्यमबाट बाहिर प्रकट भएका हुन्छन् ।

गतिशील वा सञ्चरणशील भाव नै व्यभिचारी हुन् । मनमा जागृत भएको स्थायीभावले रसको स्वरूप धारण गरेपछि अस्थायी किसिमबाट प्रकट हुने भाव नै व्यभिचारीभाव वा सञ्चारीभाव हुन् । विभाव र अनुभावलाई परिपुष्टि गर्दै स्थायीभावलाई रसका रूपमा परिणत गराउने अस्थायी वा गतिशील प्रकृतिका भावलाई नै व्यभिचारीभाव भनिन्छ (उपाध्याय, २०५५, पृ.३०) । व्यभिचारीभावलाई आवेग, जडता, आलस्य, निद्रा, उन्माद, शङ्का, स्मृति, लज्जा, ग्लानि, चिन्ता, तर्क आदि तेत्तिस प्रकारमा विभाजन गरिएको छ ।

स्थिर वा अविचलित किसिमबाट मानिसको मनमा अवस्थित भावलाई नै स्थायीभाव भनिन्छ । यस्ता भाव सुषुप्त किसिमबाट मानव मनमा रहेका हुन्छन् । उपयुक्त विभाव, अनुभाव र व्यभिचारीभावको संयोजनपश्चात् नै स्थायीभाव रसका रूपमा अभिव्यक्त हुन्छन् । सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरहने चित्तवृत्तिलाई भाव भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ.४४) । स्थायीभाव सधैँ स्थिर किसिमबाट मानिसको मनमा रहेका हुन्छन् । व्यभिचारीभाव र स्थायीभाव दुवै आन्तरिक तत्त्व हुन् । यी दुवै भावहरूको सत्ता मानसिक हुन्छ (भानुदत्त, सन् १९८८, पृ.८८) । माटाको गन्ध पानी परेपछि बाहिर प्रकट भए जस्तै विभाव, अनुभाव तथा व्यभिचारीभावको संयोजन भएपछि व्यक्ति मानसिकतामा रहेको स्थायीभाव रसका रूपमा परिणत हुन्छ । स्थायीभावलाई रसानुभूतिको आन्तरिक र मुख्य कारण मानिन्छ (ढकाल, २०६७, पृ.५२) । स्थायीभाव नै रसका

रूपमा अभिव्यक्त हुने भएकाले यिनीहरू नै वास्तविक सौन्दर्ययुक्त हुन्छन् । चरित्रको समृद्धि तथा जीवनको मूल्यको आधार नै भाव हो र आनन्दको स्वरूप पनि भाव नै हो (नगेन्द्र, सन् १९७४, पृ.३२७) । भावले रसाभिव्यक्ति मात्र गराउँदैन बरु यसले त सम्पूर्ण मानव जीवनलाई नै सौन्दर्यमयी बनाउने गर्छ । साहित्यिक कृतिको मूल्य निर्धारक तत्त्वका रूपमा स्थायीभाव रहने गर्छ ।

## छलफल तथा परिणाम

*नासो* (२०२०) कथासङ्ग्रहमा 'अभागी' कथा समाविष्ट छ । नेपाली समाजमा लामो समयदेखि प्रचलित बहुविवाहका कारण परिवारमा देखिएको बेमेललाई यस कथामा प्रस्तुत गरिएको छ । पारिवारिक असन्तुलनकै कारण कृष्णले सदाका लागि आफ्ना पितापुर्खाले आर्जेको थातथलो छाडेर अन्त कतै हिँड्नुपर्ने अवस्था आएको कुरा यस कथामा देखाइएको छ । आफ्ना अभिभावकको उचित दिशानिर्देशको अभावका कारण समाजका धेरै व्यक्ति कृष्ण बन्न पुगेका छन् भन्ने कुरालाई पनि यस कथामा स्पष्ट पारिएको छ । यस कथामा माधवका माध्यमबाट आफ्ना सन्तानलाई ठिक बाटामा लगाउन नसक्ने कमजोर अभिभावकीय भूमिका देखाइएको छ भने करुणाका माध्यमबाट नेपाली समाजमा सौतेनी आमाबाट हुने अमानवीय व्यवहारलाई स्पष्ट पारिएको छ । नेपाली समाजको वास्तविकताको प्रतिनिधित्व गर्ने गुरुप्रसाद मैनालीको 'अभागी' कथालाई करुण रसको सिद्धान्तका आधारमा विश्लेषण गरी रसभावको अवस्था निरूपण गर्ने कार्य प्रस्तुत लेखमा गरिएको छ ।

### 'अभागी' कथामा विभाव

गुरुप्रसाद मैनालीद्वारा लिखित 'अभागी' कथामा सामाजिक विषयको उपयोग गरिएको छ । 'अभागी' कथामा माधवप्रसाद, गङ्गा, कृष्ण, करुणा, केशव, खत्रिनी बुढी आदि व्यक्ति आलम्बन विभावका रूपमा आएका छन् । यस कथामा काठमाडौँका कालमोचन, पशुपति, मृगस्थली, कैलाश, कालीमाटी आदि विभिन्न स्थान, थानकोट, चित्लाङ, भीमफेदी आदि स्थान परिवेश तथा उद्दीपन विभावका रूपमा आएका छन् । नेपाली समाजको विकृति बनिरहेको बहुविवाह र त्यसैको परिणतिबाट पीडित बनेको नेपाली समाजको चित्रण यस कथामा पाइन्छ । 'अभागी' कथामा चित्रित आलम्बन विभाव र उद्दीपन विभावले रसाभिव्यक्तिका लागि खेलेको भूमिकाका बारेमा तल विश्लेषण गरिएको छ :

### 'अभागी' कथामा आलम्बन विभाव

गुरुप्रसाद मैनालीको 'अभागी' कथामा माधवप्रसाद, गङ्गा, कृष्ण, करुणा, केशव, खत्रिनी बुढी आदि आलम्बन विभावका रूपमा आएका छन् । यी आलम्बनमध्ये कथामा मुख्य भूमिकामा कृष्ण उपस्थित भएको छ । कृष्ण सानै उमेरमा आमा गुमाएर सौतेनी आमाको रुखो व्यवहारबाट उत्पीडित बनेको बालपात्रका रूपमा कथामा उपस्थित भएको छ । कृष्ण अबोध नै रहँदा उसलाई आमाले सदाका लागि छाडेर गएकी हुनाले बाबु माधवकै लालनपालनमा उसको बाल्यकाल बित्यो । दोस्रो विवाह नगर्ने वेलासम्म माधव नै उसका बाबु पनि थिए र आमा पनि थिए । समाजका विभिन्न मानिसको करबलका कारण माधव दोस्रो विवाह गर्ने अवस्थामा पुगे । केही समयपछि करुणा सौतेनी आमा बनेर कृष्णको घरमा आइन् । कृष्णकै रेखदेखका लागि माधवले करुणासँग दोस्रो विवाह गरेको भए पनि कृष्णले उनीबाट यथेष्ट माया पाउन सकेन बरु ऊ आफ्नै घरमा नै असुरक्षित बन्न पुग्यो । करुणाले कृष्णका कुनै कुरामा पनि ख्याल राख्दिनथिन् । कृष्ण आठ वर्षको हुँदा करुणाले पनि छोरो पाइन् । करुणाको छोरो केशव जन्मिएपछि कृष्णप्रतिको करुणाको जिम्मेवारी अझ हलुङ्गो बन्दै गयो ।

माधवलाई चौतरियाकहाँ पढाउन जाने र उनैका धार्मिक अनुष्ठान सम्पन्न गर्नबाहेक अरू कुरामा फुर्सद नै हुँदैनथ्यो । कृष्णको पढाइप्रतिको लगाव पहिले नै कमजोर थियो; त्यसमाथि सौतेनी आमाको व्यवहारका कारण उसको सङ्गत पनि दिनप्रतिदिन बिग्रिँदै गयो । दसैं नजिकिएका कारण सबै जना पर्वको रमाइलो माहोलमा थिए तर कृष्ण भने आफ्नै टोलका बिग्रिएका केटासँग रमाइरहेको हुन्थ्यो । ऊ सधैं पुराना फाटेका लुगा लगाएर बाटामा अरूलाई जिस्काउँदै हुन्थ्यो । उसलाई न परिवारको मोहले नै बाँध्न सकेको थियो न त अभिभावकीय भूमिकाले नै समेट्न सकेको थियो । चाडपर्वका समयमा परिवारको ममता पाउनु त कहाँ हो कहाँ उल्टै सौतेनी आमाको प्रहार सहन कृष्ण बाध्य थियो । सधैं सौतेनी आमाले चोरको आरोप लगाएर कृष्णलाई पिटिरहेकी हुन्थिन् । यस्तै सधैंको तिरस्कार, आलोचना र प्रहारबाट बच्नका लागि कृष्ण घर नै छोडेर कुनै साधुका साथमा कतैतिर लाग्न बाध्य भयो । कृष्णको खोजीका लागि निस्किएका माधवले अनेक प्रयत्न गर्दा पनि छोरालाई भेट्टाउन सकेनन् । सानै उमेरमा मातृवात्सल्यबाट वञ्चित अनि सौतेनी आमाको अमानवीय व्यवहारबाट उत्पीडित कृष्णले सदाका लागि आफ्नो जन्मघर छाडेर हिँडेको कारुणिक अवस्थाको चित्रण कथामा गरिएको छ ।

'अभागी' कथामा अन्य आलम्बनको उपस्थिति कृष्णकै चारित्रिक परिपुष्टिका लागि भएको छ । आफ्नी आमालाई बाल्यकालमा नै गुमाएको र पारिवारिक मोहबाट पूर्णतः मुक्त रहेको कृष्णको जीवन करुणा नै करुणाले भरिएको छ । सौतेनी आमाबाट पटक पटक पीडित बनेको कृष्णले कथामा बाबुको पनि छाया पाउन सकेको छैन । खत्रिनी बुढीले थोरै भए पनि कृष्णको बचाउ गर्ने प्रयास गरेकी भए पनि उसले आफूलाई सुरक्षित महसुस गर्न सकेको छैन । एउटा बालकले आफूले पाउने माया आमासँगै गुमाएको छ । उसले बाबु र सौतेनी आमाबाट तिरस्कार मात्र भोग्न बाध्य छ । त्यसैले 'अभागी' कथामा अभागीका रूपमा चित्रण गरिएको बालपात्र कृष्णले धेरैभन्दा धेरै उपेक्षा र प्रहार सहनुपरेको छ । उसलाई चाडपर्वका समयमा समेत परिवारबाट नाना र खाना उपलब्ध हुन सकेको छैन । यस्तै तिरस्कृत जीवन बाँचेको बालक कृष्ण आफ्नो घरपरिवारका सदस्यलाई समेत परित्याग गरी अज्ञात स्थानतिर लाग्नुपर्ने परिस्थिति निकै दयनीय रहेकाले कथामा उपयोग गरिएको आलम्बन विभावका माध्यमबाट करुण रसको अभिव्यक्ति हुन पुगेको छ । बालक पात्र कृष्णको जीवनको अवस्था नै शोक भाव जागृत गराउने मुख्य कारण रहेको पाइन्छ ।

### 'अभागी' कथामा उद्दीपन विभाव

'अभागी' कथामा मूलतः नेपालको काठमाडौँ क्षेत्रका स्थान नै उद्दीपन विभावका रूपमा आएका छन् । काठमाडौँका कालमोचन, पशुपति, मृगस्थली, कैलाश, कालीमाटी आदि विभिन्न स्थान, थानकोट, चित्लाङ, भीमफेदी आदि उद्दीपन विभावका रूपमा आएका छन् । नेपालको राणाकालीन अवस्थाको चित्रण पनि कथामा पाइन्छ । कथामा सौतेनी व्यवहारका कारण बालबालिकाको मानसिकतामा पर्ने नकारात्मक प्रभाव र त्यसको परिणतिलाई स्पष्ट रूपमा देखाइएको छ । कथाको प्रमुख भूमिकामा उपस्थित भएको बालपात्र कृष्णले भोगेको जीवन अत्यन्तै दुःखद रहेको छ । आफूले राम्रोसँग थाहा पनि नपाउँदै ममताकी खानी आमा गुमाउन पुगेको र बाबुबाट उचित मार्ग दर्शन पाउन नसकेको कृष्णले आफ्नो परिवारका सदस्यबाट कहिल्यै पनि माया र सम्मान पाउन सकेन । यही अभाव र तिरस्कारले कृष्णको जीवनलाई अझ कष्टमय बनाइदियो । उसले कहिल्यै पनि खाना र नानाको समुचित सुविधा पाउन सकेन । ऊ सधैँभरि सौतेनी आमाको प्रहार अनि बाबुको उदासीनताको सिकार बन्दै जीवन चलाउने प्रयास गऱ्यो । अन्तमा कसैलाई पनि थाहासम्म नदिएर अज्ञात स्थलतिर लाग्न बाध्य भयो । कृष्णको जीवनसँग जोडिएका धेरै घटनाले शोक भावलाई परिपुष्टि गरेका छन् । आमाको मृत्यु,

दसैँभन्दा अगाडि सौतेनी आमाको कुटाइ, दसैँको दिन पनि सौतेनी आमाको कुटाइ, एकाएक अज्ञात स्थानतिरको प्रस्थान जस्ता सन्दर्भ कथामा शोक भावलाई परिपुष्टि गर्ने बलिया उद्दीपक हुन् । यिनै उद्दीपकले नै कथामा आएको शोक भावलाई करुण रसका रूपमा अभिव्यक्त हुनका लागि सहयोग पुऱ्याएका छन् ।

**'अभागी' कथामा अनुभाव**

'अभागी' कथामा कायिक, वाचिक, सात्त्विक तथा आहार्य अनुभाव प्रकट भएका छन् । कथामा आएका आलम्बनद्वारा कार्यका रूपमा प्रकट गरिएका क्रिया नै अनुभाव बनेका छन् । 'अभागी' कथामा माधवप्रसाद, गङ्गा, कृष्ण, करुणा, केशव, खत्रिनी बुढी आदि आलम्बनका माध्यमबाट गरिएका गतिविधि नै अनुभाव बनेका छन् । यिनै अनुभावले कथामा शोक भाव प्रकट हुँदाको अवस्थालाई बुझाएका छन् । कथामा प्रकट भएका कायिक, वाचिक, सात्त्विक तथा आहार्य भावलाई तलका साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> पण्डित माधवप्रसादले आफ्नी बिरामी स्वास्नी गङ्गाको निधारमा हात राखेर भने, "बाबा ! तिमीलाई कस्तो छ ?"
>
> ...
>
> गङ्गाले गहभरि आँसु पारेर उत्तर दिइन्, "कस्तो हुन्थ्यो, अब बिछोड हुने बेला भो ।"
>
> ...
>
> "हरे त्यो बालक सन्तानमाथि मैले माया होइन दया गर्नु अरे; मलाई कस्तो निठुरी देखेको !" भनेर माधवप्रसाद दुवै हातले मुख छोपेर रुन लागे ।
>
> ...
>
> गङ्गाको वाक्य रहेको तीन दिन भयो । दुवै आँखामा जालो बसेको थियो । मुख श्रीहीन देखिन्थ्यो । नाक सुकेको, ओठ निलो, दाँत काला, कानका लोती फर्केका थिए (मैनाली, २०५७, पृ.५२) ।

माधवको छाती रुमलिएर आयो । गहभरि आँसु पारेर पाटीमा उक्ले । भित्तामा कृष्णको उही झुत्रो कोट झुन्ड्याइराखेको रहेछ । कोट हातमा लिएर माधव भित्तापट्टि फर्केर रुन लागे (मैनाली, २०५७, पृ.५९) ।

> माधवले कृष्णको लुगा फुकालेर हेरे । पिठिउँ, तिघ्रा, पिँडुला चारपाँच ठाउँमा निल डाम परेको रहेछ, छाती र घुँडामा मयलको टाटो बसेको, किङरिङ्ग करङ निस्किएको, कृष्णको दीनहीन भेष देखेर माधवले एकछिन घोरिएर गहभरि आँसु पारेर भने, "डङ्किनीले बाबुलाई किन कुटेकी होली ।" (मैनाली, २०५७, पृ.५७)

माथिका कथांशमा कायिक, वाचिक, सात्त्विक तथा आहार्य भाव प्रकट हुँदाको अवस्था प्रस्तुत गरिएको छ । माधवले गङ्गाको निधार छाम्नु कायिक क्रिया हो भने गहभरि आँसु पारेर बस्नु अश्रु सात्त्विक भावको प्रकटीकरण हो । माधव मुख छोपेर रुनु पनि सात्त्विक भावकै अभिव्यक्ति हो । यस्तै सौतेनी आमाको पिटाइका कारण काँपिरहेको कृष्णमा वेपथु सात्त्विक भाव प्रकट भएको छ । पिटाइका कारण पिठिउँ, तिघ्रा, पिँडुला चारपाँच ठाउँमा निल डाम देखिएको कृष्णको शरीरमा भयका कारण वैवर्ण्य देखिएको छ । कथामा आएका विभावबाट प्रकट भएका सात्त्विक भावको अभिव्यक्तिपश्चात् पात्रले बोलीका माध्यमबाट दिएका अभिव्यक्ति नै वाचिक हुन् । त्यस्तै कथामा आएका पात्रको मानसिकतामा परेको प्रभावको प्रतिक्रिया स्वरूप शारीरिक विकार वा विवर्ण बनी प्रकट भएका सात्त्विक भावले कथामा शोक भावको अभिव्यक्तिलाई पुष्टि गरेका छन् । त्यस्तै

कथाको प्रमुख पात्र कृष्णले लगाएको थोत्रो च्यातिएको लुगाबाट पनि शोक भावलाई पुष्टि गरिएको छ । कथाको प्रमुख पात्र कृष्णले आफ्नी आमाको निधनपश्चात् सौतेनी आमाबाट भोग्नुपरेका सबै घटना शोक भावसँग जोडिएका छन् । यही शोक भाव अभिव्यक्त हुने क्रममा पात्रबाट प्रकट भएका विभिन्न कार्य रूप नै अनुभाव बनेका छन् र यी अनुभावले शोक भाव करुण रसमा परिणत हुँदै गरेको अवस्था पनि जनाएका छन् । त्यसैले यस कथामा आएका अनुभाव शोक स्थायीभावसँग सम्बन्धित छन् । यिनै अनुभावका माध्यमबाट शोक स्थायीभाव करुण रसका रूपमा अभिव्यक्त हुँदै गरेको अवस्था बोध भएको छ ।

**'अभागी' कथामा अनुभाव शृङ्खला**

'अभागी' कथामा सामाजिक विषय उठाइएको छ । कथामा हाम्रो समाजमा सौताका छोराछोरीलाई गरिने अत्यन्त अमानवीय व्यवहार सम्बद्ध विषय आएको छ । कथामा पारिवारिक सन्तुलन कायम नहुँदा देखिने विकृत अवस्थालाई स्पष्ट पारिएको छ । कथाले एकातिर बालमनोवैज्ञानिक समस्या उठाएको छ भने अर्कातिर सामाजिक समस्या पनि अगाडि ल्याइदिएको छ । बाल्यकालमा नै आमा गुमाएको कृष्णले न त बाबुको माया पाउन नै सकेको छ न त सौतेनी आमाको मातृ बात्सल्यमा रमाउन नै पाएको छ । सधैँ उपेक्षित, तिरस्कृत, अपमानित, अपहेलित जीवन बिताउन बाध्य भएको कृष्णको जीवनसँग जोडिएका कारुणिक भोगाइ नै कथामा अनुभाव बनेका छन् । कृष्णको जीवन देखेर कथामा आएका अरू पात्रले दिएका अभिव्यक्ति तथा अनुभूति पनि अनुभाव नै बनेका छन् । कथामा आएका सबै आलम्बनका गतिविधि नै अनुभाव हुन् र ती सबैको सङ्गठित र शृङ्खलित संरचनामा नै कथाको कथानक हो । प्रस्तुत कथामा शोक स्थायीभावका कारण जन्मिएका जे जति क्रियाकलाप छन्, ती सबै अनुभाव हुन् र तिनैको शृङ्खलाबाट नै कथा निर्मित भएको हुन्छ । कथामा शोक स्थायीभावका कारण प्रकट भएका अनुभावको क्रमिकता नै कथानकको संरचनाको आधार बनेकाले तिनै अनुभावलाई यहाँ प्रस्तुत गरिएको छ :

पण्डित माधवप्रसादकी श्रीमती गङ्गा सिकिस्त बिरामी पर्नु, विभिन्न डाक्टर, वैद्य, धामी आदिलाई देखाउँदा पनि सन्चो नहुनु, गङ्गाको अनुहार नै परिवर्तन हुनु, दयनीय अवस्थामा रहेकी गङ्गालाई आफ्नो छोरो कृष्णको चिन्ता पर्नु, गङ्गाले माधवलाई छोराको रेखदेख गर्नु भन्ने आशय प्रकट गर्नु, माधवले छोराको हेरचाह आफ्नो जिम्मेवारी हो भन्ने कुरा व्यक्त गर्दै आँखाबाट आँसु झार्नु, गङ्गाले सदाका लागि आँखा चिम्लनु, गङ्गाको मृत्युपछि माधवले बाबुआमा दुवैको भूमिकामा देखाएर छोरालाई लालनपालन गर्नु, केही समयसम्म एक्लै जीवन बिताएका माधवले तीनचार वर्षपछि दोस्रो विवाह गर्नु जस्ता आनुभाविक क्रियाबाट कथाको आदि भाग निर्माण भएको छ ।

माधवको घरमा नयाँ दुलहीका रूपमा करुणा भित्रिनु, माधवले घरका विषयमा ध्यान दिन नभ्याउनु, करुणाले पनि कृष्णका बारेमा कुनै चासो नलिनु, कृष्ण दिनप्रतिदिन कुलतमा पर्दै जानु, केही समयपछि करुणाले छोरो पाउनु, आफ्नो छोरो भएपछि करुणाले कृष्णलाई अझ उपेक्षा गर्नु, दसैँका बेलामा पनि कृष्णले नयाँ लुगा नपाउनु, महाअष्टमीका दिन तथा दसैँका दिन पनि करुणाले कृष्णलाई पिट्नु, कृष्णलाई परिवारका सदस्यले वास्ता नै नगर्नु, कृष्ण करुणाको अपहेलना र तिरस्कार सहिरहनु जस्ता आनुभाविक क्रियाले कथाको मध्यभागको निर्माण गरेका छन् ।

शिवरात्रिका दिन माधवले कृष्णलाई रुद्रीको पाठ सोध्नु, कृष्णले उत्तर दिन नसक्नु, माधवलाई रिस उठ्नु र कृष्णलाई नलीले प्रहार गर्नु, कृष्णलाई पाठ नपढेकामा गाली गर्नु, माधव चौतरियाका घरतिर लाग्नु, कृष्ण पनि घरबाट निस्किएर बाहिर लाग्नु, कृष्णको भाइ केशव पनि पछाडि लाग्नु, केशवलाई तिलौरी मिठाई दिएर घर पठाएपछि कृष्ण कतैतिर लाग्नु, भोलिपल्टसम्म पनि कृष्ण घर नआएपछि माधव खोजीका लागि जानु, माधवले कालमोचन, पशुपति, मृगस्थली आदि जोगीका अड्डा खोज्दै जानु तर कृष्णलाई नभेट्टाउनु, कालीमाटीको थानाबाट एउटा पातलो केटो जोगीका पछाडि लागेको भन्ने थाहा पाउनु, माधव थानकोटसम्म पुग्नु तर उनीहरू त्यहाँबाट पनि बाहिरिएको जानकारी पाउनु, माधव चित्लाङ पुग्नु र उनीहरू त्यहाँबाट भीमफेदीतिर लागेको जानकारी पाउनु, माधव फर्किएर घर आउनु, माधवले आफू दोषी भएको ठान्नु, आफूले गङ्गालाई दिएको वचन निर्वाह गर्न नसकेकामा माधव निकै चिन्तित बन्नु, आफ्ना छिमेकी गौरीनाथका घरका सदस्यले कृष्णका विषयमा कुराकानी गरेको माधवले सुन्नु, माधवलाई गङ्गाले बाटो छेकेको जस्तो लाग्नु, भित्तो समातेर माधव आफ्नो घरतिर प्रस्थान गर्नु जस्ता आनुभाविक क्रियाका माध्यमबाट कथाको अन्त्य भागको निर्माण भएको छ । कथामा उचित अभिभावकीय भूमिका नपाउनुका कारण कृष्णको जीवन नै बर्बाद बन्न पुगेको अत्यन्त कारुणिक अवस्थाको चित्रण गरिएको छ । कथामा आएका गङ्गाको मृत्यु, कृष्णको दुःखद जीवन भोगाइ अनि कथान्तमा कृष्ण घर नै छाडेर कतै बाहिरतिर लागेको दुःखदायी घटनाका कारण शोक भाव जागृत भएको छ । यही शोक भाव नै कथान्तसम्म पुग्दा करुण रसका रूपमा अभिव्यक्त बनेको छ ।

**'अभागी' कथामा व्यभिचारीभाव**

'अभागी' कथामा चिन्ता, दैन्य, आश्चर्य, विस्मय, स्मृति, ग्लानि, विषाद आदि व्यभिचारीभाव प्रकट भएका छन् । यी सबै भावले मुख्य रूपमा शोक स्थायीभावलाई करुण रसका रूपमा अभिव्यक्त गराएका छन् । कथामा प्रारम्भदेखि अन्तिम अवस्थासम्म शोक भावकै व्याप्ति रहेको पाइन्छ । कथामा पहिलो वाक्यदेखि अन्तिम वाक्यसम्मका सबै घटना शोकसँग जोडिएका छन् । त्यही शोक भाव करुण रसका रूपमा अभिव्यक्त हुने क्रममा कथामा प्रकट भएका भाव नै व्यभिचारी बनेका छन् । तलका केही साक्ष्यबाट व्यभिचारीभावलाई स्पष्ट पार्न सकिन्छ :

> माधवले गङ्गाका कानमेर मुख लगेर "बा...बा.....छो............रा..........को के भनेका थिए मुटुमा भक्कानु परेर आयो । गङ्गाका तकियामा घोप्टो परेर रुन थाले । बाबु रोएको देखेर कृष्ण पनि रुन थाल्यो । अरू हेर्नेले पनि मन थाम्न सकेनन्, सबैको गहभरि आँसु भो ।" (मैनाली, २०५७, पृ.५३)

छोराको स्याहार गर्ने कोही नहुनाले यस उमेरमा फेरि बिहा गर्नुपऱ्यो भनेर माधव अफसोच गर्थे (मैनाली, २०५७, पृ.५४) ।

कृष्ण खत्रिनी बुढीका दलानमा कुनामा बसेर धेरै बेरसम्म सुँक्क सुँक्क गरेर रोयो (मैनाली, २०५७, पृ.५४) ।

माथिका कथांशलाई हेर्दा माधवले गहभरि आँसु पार्नु अश्रु सात्त्विक भावका माध्यमबाट चिन्ता, दैन्य व्यभिचारीभाव प्रकट भएका छन् । यस्तै मृत्युपछि छोराको रेखदेख गर्ने मानिस नहुँदा माधवमा चिन्ता भाव प्रकट हुन पुगेको छ । यस्तै आफ्नी सौतेनी आमाको पिटाइ खाएर रोएको कृष्णले आँसु बगाउँदै गरेको कृष्णको अवस्थाले पनि दैन्य व्यभिचारीलाई नै बुझाएको छ । यसरी नै अभागी कथामा प्रकट भएका व्यभिचारीभावले

भावकेन्द्र बनेको शोक स्थायीभाव करुण रसका रूपमा प्रकट हुँदै गरेको अवस्थालाई बोध गराएको छ । यस्तै कथामा अन्य विभिन्न स्थानमा प्रकट भएका चिन्ता, दैन्य, आश्चर्य, विस्मय, स्मृति, ग्लानि, विषाद आदि व्यभिचारीभावले पनि शोक स्थायीभावलाई नै पुष्टि गरेका छन् । कथाको मुख्य आलम्बन कृष्ण स्वयम्ले भोगेको तथा कृष्णको कारुणिक जीवनलाई देखेर कथाका अरू आलम्बनले अनुभूत गरेका वा प्रकट गरेका कारुणिक सन्दर्भले पनि शोक स्थायीभावलाई परिपुष्टि गर्ने कार्य गरेका छन् । यिनै व्यभिचारीभावबाट परिपुष्ट बनेको शोक स्थायीभाव करुण रसका रूपमा अभिव्यक्त भएको छ ।

**'अभागी' कथामा स्थायीभाव**

'अभागी' कथामा शोक स्थायीभाव करुण रसका रूपमा अभिव्यक्त भएको छ । यस कथाको सुरुवातमा नै कृष्णकी आमा गङ्गा निकै बिमारी भएको देखाइएको छ । कथाको आदि भागबाट नै शोक भावले विस्तारित स्वरूप प्राप्त गर्न थालेको देखिन्छ । मृत्युको घडी गनेर बसेकी गङ्गाको देहावसान भएको सन्दर्भमा आइपुग्दा शोक भाव तीव्र बन्न पुगेको छ । गङ्गाको मृत्युपछि टुहुरो बनेको कृष्णलाई आमा र बाबु दुवैको मातृपितृ वात्सल्य प्रदान गर्ने माधवको क्रियाकलापबाट वत्सल भाव प्रकट भएको छ । यस्तै माधवको दोस्रो विवाहपछि कृष्ण अझ उपेक्षित बनेको छ र कृष्णले घरमा नै पीडा सहनुपर्ने अवस्था आएको छ । पटक पटक सौतेनी आमा करुणाको दायाहीन प्रहारबाट कृष्ण निकै पीडित बनेको छ । कथाका कृष्णले भोगेका धेरै घटनामा शोक भाव अङ्गी बनेर प्रकट भएको पाइन्छ । करुणाको आक्रमणमा परिरहेको कृष्णलाई बचाउने खत्रिनी बुढीको प्रयासमा वत्सल भावको झिल्को पाइए पनि यसले कथामा निरन्तरता पाउन सकेको छैन । परिवारबाट उचित वात्सल्य प्राप्त गर्न नसकेको कृष्ण एकाएक घर छाडेर अज्ञात स्थलतर्फ लागेको घटनाले शोक भावलाई करुण रसका रूपमा अभिव्यक्त गराइदिएको छ । बाल्यकालमा नै मातृवात्सल्यबाट वञ्चित भएको कृष्णले बालककालभरि सौतेनी आमाको उपेक्षा र प्रहार  सहनुपऱ्यो । कृष्णले जीवनभर सौतेनी आमाको कर्कश व्यवहार सहँदै बेवारिसे जीवन बितायो । उसले चाडपर्वमा समेत मिठो मसिनो खाना पनि पाएन र एकसरो राम्रो लुगा लगाउन पनि पाएन । परिवारको अप्रिय व्यक्ति बनेर नै तेह्र वर्ष बितायो अनि आफ्नो भविष्य नै दाउमा राखेर जोगीका साथमा अज्ञात स्थलतर्फ प्रस्थान गऱ्यो । यी सबै कृष्णले भोगेका जीवनका कहालीलाग्दा घटनाहरू शोक भावसँग जोडिएका छन् । त्यसैले मुख्य पात्रले भोगेको जीवनका आधारमा हेर्दा पनि यस कथामा शोक भावको व्याप्ति नै रहेको पाइन्छ । कथामा शोक भाव भावकै स्तरमा नरही करुण रसका रूपमा परिणत हुन पुगेकाले अङ्गी बनेको छ । त्यही अङ्गी शोक भाव नै कथामा  करुण रसका रूपमा अभिव्यक्त भएको छ । कथामा कतै कतै अङ्कुरण भएको वत्सल भावले अङ्गी भाव शोकलाई नै पुष्टि गरेको छ । 'अभागी' कथामा अङ्गी भाव शोकले करुण रसको उचाइ प्राप्त गर्न सफल भएको छ ।

## निष्कर्ष

नेपाली साहित्यको कथा विधामा आधुनिक कालको प्रवर्तन गर्ने सामाजिक यथार्थवादी कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'अभागी' सामाजिक विषयमा आधारित कथा हो । नेपाली समाजमा सन्तानको रेखदेखका लागि दोस्रो विवाह गर्ने भनिए पनि सौतेनी आमाको व्यवहारका कारण सन्तान अझ असुरक्षित बन्ने अवस्था पाइन्छ भन्ने सत्य विषयको उठान कथामा गरिएको छ । कथाको बालपात्र कृष्णको जीवन निकै दुःखद र कष्टकर बनेको सन्दर्भका माध्यमबाट सामाजिक तथा मनोवैज्ञानिक समस्या अगाडि ल्याइएको छ । अबोध अवस्थामा नै ममताकी खानी आमा गुमाउन पुगेको कृष्ण आश्रयविहीन बनेको र घरपरिवारका सदस्यबाट पटक

पटक अपहेलित हुनुका कारण सधैँका लागि अज्ञात स्थलतिर लागेको घटनाका कारण कथामा शोक भाव जागृत भएको पाइन्छ । कृष्णले भोगेको जीवनका आधारमा प्रस्तुत कथामा करुण रसको अभिव्यक्ति भएको पाइन्छ । कथामा माधवप्रसाद, गङ्गा, कृष्ण, करुणा, केशव, खत्रिनी बुढी आदि आलम्बन विभाव, कालमोचन, पशुपति, मृगस्थली, कैलाश, कालीमाटी, थानकोट, चित्लाङ, भीमफेदी आदि उद्दीपन विभाव, कायिक, वाचिक, सात्त्विक र आहार्य अनुभाव, चिन्ता, दैन्य, आश्चर्य, विस्मय, स्मृति, ग्लानि, विषाद आदि व्यभिचारीभावले परिपुष्ट बनेको शोक स्थायीभाव करुण रसका रूपमा अभिव्यक्त भएको छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५०). *पूर्वीय समालोचना सिद्धान्त* पाँचौं संस्क..साझा प्रकाशन ।

आनन्दवर्धन (२०१३). *ध्वन्यालोक* टीकाकार विश्वेश्वर तेस्रो संस्क.. ज्ञानमण्डल लिमिटेड ।

आप्टे, वामन शिवराम (सन् १९६९ ). *संस्कृत हिन्दी कोश* दोस्रो.संस्क.. मोतीलाल बनारसीदास ।

उपाध्याय, केशवप्रसाद (२०५५). *पूर्वीय साहित्य सिद्धान्त* तेस्रो संस्क.. साझा प्रकाशन ।

ढकाल, वेणीमाधव (२०६७). *काव्यदीपिका* दोस्रो संस्क.. विद्यार्थी पुस्तक भण्डार ।

तिवारी, प्रेमप्रसाद (२०७७). *महेशविक्रम शाहका कथामा रस.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. नेपाल संस्कृत विश्वविद्यालय ।

विश्वनाथ (सन् २००८). *साहित्यदर्पण* (१-६). टीकाकार लोकमणि दाहाल. चौखम्बा सुरभारती प्रकाशन ।

नगेन्द्र (सन् १९७४). *रससिद्धान्त* तेस्रो संस्क.. नेसनल पब्लिसिङ हाउस ।

भरत (२०५७). *हिन्दी नाट्यशास्त्र.* टीकाकार बाबुलाल शुक्ल तेस्रो संस्क.. चौखम्भा संस्कृत संस्थान ।

भानुदत्त (सन् १९८८). *रसतरङ्गिणी.* टीकाकार उर्मिला शर्मा. परिमल प्रकाशन ।

मम्मट (सन् २०१४). *काव्यप्रकाश* टीकाकार विश्वेश्वर छैटौँ संस्क.. ज्ञानमण्डल लिमिटेड ।

मैनाली, गुरुप्रसाद (२०५७), *नासो* दोस्रो संस्क.. अम्बिकाप्रसाद मैनाली ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* दोस्रो संस्क.. विद्यार्थी पुस्तक भण्डार ।

शुक्ल, बाबुलाल (२०५७). *हिन्दी नाट्यशास्त्र* लेखक भरत तेस्रो संस्क.. चौखम्भा संस्कृत संस्थान ।